# संस्थागत विद्यालय सञ्चालन सम्बन्धी मापदण्ड, २०७४

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न संस्थागत विद्यालय संचालन सम्बन्धी मापदण्ड बनाउन बाञ्छनिय भएकोले आठविसकोट नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो कार्यविधिको नाम संस्थागत विद्यालय सञ्चालन सम्बन्धी मापदण्ड, २०७४ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले नगर शिक्षा ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले नगर शिक्षा नियमावली, २०७४ सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले आठविसकोट नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको आठविसकोट नगरसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **मापदण्ड पूरा गर्नुपर्ने** : (१) कोही कसैले संस्थागत विद्यालय संचालन गर्न चाहेमा नगर शिक्षा ऐन, २०७४ र नियमावली, २०७४ मा उल्लेख भएका शर्तहरुका अतिरिक्त देहायका मापदण्डहरु पूरा गर्नु पर्नेछ ।

(क) संस्थागत विद्यालयमा रहने शिक्षकहरु अङ्ग्रेजी भाषाको राम्रो ज्ञान भएका, अङ्ग्रेजी भाषामा राम्रोसँग अध्ययन अध्यापन गर्न तथा गराउन सक्ने र सम्बन्धित विषयमा योग्यता पुगेका हुनुपर्नेछ । शिक्षकहरुको नियुक्ति नगर शिक्षा नियमावली, २०७४ अनुसार खुला प्रतिस्पर्धाको आधारमा मात्र हुनेछ ।

(ख) ३० मिनेट वा सो भन्दा कमको पैदल दूरीमा सामुदायिक वा संस्थागत विद्यालय भएमा सो स्थानमा संस्थागत विद्यालय संचालन गर्न पाईने छैन । ३० मिनेट भन्दा बढिको पैदल दूरीमा संस्थागत विद्यालय संचालन गर्न सम्बन्धित स्थानमा रहेका विद्यालयहरुको अनुमति आवश्यक पर्नेछ ।

(ग) सामुदायिक विद्यालयमा अध्यापन गराईरहेका कुनै पनि शिक्षकहरुले संस्थागत विद्यालयमा अध्यापन गराउन पाउने छैनन् ।

(घ) संस्थागत विद्यालयहरुले नगरसभाबाट पारित आर्थिक ऐन अनुसारको राजश्व नगरपालिकामा दाखिला गर्नु पर्नेछ । नगरपालिकाले तोके बमोजिमको दरमा मात्र विद्यार्थीहरुबाट शुल्क लिन पाईनेछ ।

(ङ) संस्थागत विद्यालयहरुको लेखा परिक्षण नगरपालिकाले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

(च) नगरपालिकाको अनुमतिविना कुनै पनि प्रकारका विद्यालय संचालन गर्न पाईने छैन् ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

(छ) कुनै पनि प्रकारको सरकारी कोषबाट तलब भत्ता खाने गरी नियुक्त भएको व्यक्ति संस्थागत विद्यालयको संचालक हुन पाउने छैन ।

(ज) सार्वजनिक गुठी वा निजी गुठी वा सहकारी मार्फतमात्र संस्थागत विद्यालय संचालन गर्नु पर्नेछ ।

तर त्यस्तो गुठी वा सहकारीमा कुनै पनि कर्मचारी, शिक्षक वा सरकारी कोष वा सार्वजनिक संस्थानबाट पारिश्रमिक पाउने गरी नियुक्त भएको व्यक्ती संस्थापक वा सदस्य रहन पाउने छैन् ।

(झ) संस्थागत विद्यालयको पठनपाठनको भाषा अङ्ग्रेजीमात्र हुनेछ ।

(ञ) आवासीय सुविधा सहितको संस्थागत विद्यालय संचालनको लागि छात्र र छात्राहरुको लागि छुट्टाछुट्टै भवन वा ब्लक भएको अत्याधूनिक सुविधा सहितको भौतिक संरचना हुनु पर्नेछ ।

(ट) माध्यामिक तह वा आधारभूत तहको कुनै माथिल्लो कक्षामात्र संचालन गर्ने गरी संस्थागत विद्यालय संचालन गर्न पाईने छैन । संस्थागत विद्यालयको संचालन नर्सरीदेखि नै गर्नु पर्नेछ ।

(ठ) प्रारम्भिक वाल विकास(नर्सरी, एल.के.जी., यु.के.जी.) र आधारभूत तह संचालन नगरी माध्यामिक तह संचालन गर्न अनुमति दिईने छैन् ।

(ड) संस्थागत विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई प्रचलित स्केलमा तलब भत्ता उपलब्ध गराउनु पर्नेछ ।

४. **दण्ड सजाय सम्बन्धी व्यवस्था** : कोही कसैले माथि खण्ड ३ मा उल्लेख भएका मापदण्ड पूरा नगरी संस्थागत विद्यालय संचालन गरेमा ५० हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

५. **शिक्षा कर लगाउने** : संस्थागत विद्यालयमा पढाउने अभिभावकलाई नगरसभाको निर्णयानुसार शिक्षा कर लगाईनेछ ।

६. **छात्रवृत्ति नपाउने** : संस्थागत विद्यालयमा अध्ययन गरिरहेको वा गरेको विद्यार्थीलाई संघीय सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्ति उपलब्ध हुने छैन ।

७. **नमुना विद्यालय सञ्चालन गर्न सकिने** : नगरपालिकाले निजि क्षेत्रसँग साझेदारी गरी नगर कार्यपालिकाको निर्णयानुसार नगरस्तरिय नमूना विद्यालय सञ्चालन गर्न सक्नेछ । नमूना विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८. **अनुमति खारेज गर्न सकिने** : नगरपालिकाको प्रचलित शिक्षा नीति वा मापदण्ड विपरित संचालित संस्थागत विद्यालयहरुको अनुमति यस अघि जहाँसुकैबाट अनुमति लिएको भएता पनि जुनसुकै वखत खारेज वा रद्द गर्न सकिने छ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मिति:** २०७४/१२/२९ र ३०

**प्रमाणिकरण मिति**
२०७५/०२/०५